# भारतीय राजदूतावास

# काठमाडौं

## प्रेस विज्ञप्ति

## सुनकोशी नदीमा निर्मित मोड्युलर पुलको उद्घाटन

नेपालथोकमा आज आयोजित एक कार्यक्रममा काठमाडौंस्थित भारतीय राजदूतावासका काउन्सलर श्री गीतांजलि ब्रैंडन र सडक विभागका महानिर्देशक डा. विजय जैसीले संयुक्त रुपमा ७० मिटर लम्बाइ भएको उच्च क्षमताको मोड्युलर पुलको उद्घाटन गर्नुभयो ।

आज उद्घाटन गरिएको उक्त मोड्युलर पुल सन् २०२५ अक्टोबरमा आएको विनाशकारी वर्षापछि सडक सञ्जालको पुन:स्थापनामा सहयोग पुऱ्याउन भारत सरकारले नेपाल सरकारलाई उपलब्ध गराउन लागेका दशवटा यस्तै पुलहरुमध्ये एक हो । नेरु. ७३ करोड भन्दा बढी लागतका यी दशवटा बेली ब्रिजहरु र तिनको जडानका लागि आवश्यक प्राविधिक सहयोग भारत सरकारले नेपाल सरकारलाई अनुदानको आधारमा उपलब्ध गराइरहेको छ ।

उक्त कार्यक्रममा बोल्दै काउन्सलरले यस मोड्युलर पुलको उद्घाटन भारत र नेपालबीचको सम्बन्धलाई परिभाषित गर्ने अटुट मित्रताको प्रतिबिम्ब भएको बताउनुभयो । साथै, वहाँले नेपालको पूर्वाधार विकास र विपद्पछिको पुनर्निर्माणका प्रयासहरुमा भारत सरकारको निरन्तर सहयोग रहने प्रतिबद्धता समेत दोहोऱ्याउनुभयो ।

नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभागका महानिर्देशकले भारतको समयसापेक्ष सहयोगका लागि कृतज्ञता व्यक्त गर्नुभयो । महानिर्देशकले यी पुलहरु छिटो जडान गर्न सकिने प्रकृतिका भएकाले आपतकालीन पुनर्निर्माणलाई तीव्रता दिन यिनको भूमिका महत्वपूर्ण हुने कुरा उल्लेख गर्नुभयो । वहाँले हालै जडान गरिएको पुलले सिन्धुली र

रामेछाप जिल्लामा मानिस र वस्तुको आवतजावतलाई सुचारु गर्न र सुधार गर्न मद्दत गर्ने विश्वास व्यक्त गर्नुभयो ।

यसअघि सन् २०२४ सेप्टेम्बरको बाढी र पहिरोपछि नेपाल सरकारको अनुरोधमा भारत सरकारले नेरु.४१ करोड बराबरको १० वटा प्री-फ्याब्रिकेटेड स्टील ब्रिजहरु उपलब्ध गराएको थियो ।

भारत सरकार पुनर्निर्माण र विपद् न्यूनीकरणका प्रयासहरुमा नेपाली जनता र नेपाल सरकारलाई निरन्तर सहयोग गर्न प्रतिबद्ध छ ।

काठमाडौं

२०८३ वैशाख १७